# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बडिकेदार गाउँपालिका

डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बडिकेदार गाउँपालिका

## डोटी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बडिकेदार गाउँपालिका

## डोटी


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

# मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५३२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बडिकेदार गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
डोटी ।

**कैफियत सहितको राय**

हामीले बडिकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ४२ लाख ९२ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ५ हजार फछ्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३५ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५७ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु. ४३ लाख ८५ हजार र पेश्की रू. ६ लाख रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १० करोड ४ लाख ४३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ११ करोड ४७ लाख ३० हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बडिकेदार गाउँपालिका, डोटी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३८ | २९ | १४२९२ | ० | १ | ५ | ३८ | २८ | १४२८७ | ३५३८ | ४३८५ | ५७६३ | ० | ० | १०१४८ | ६०० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

**(रु. हजारमा)**

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | ४० | भ्रमण भत्तामा स्थानीय भत्ता भुक्तानी | ५ |
| **जम्मा** | | | ५ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बडिकेदार गाउँपालिका, डोटी | १००४४३ | ० | ० | १००४४३ | ० | १४२८७ | ११४७३० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : बडिकेदार गाउँपालिका, डोटी , बडीकेदार गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश दत्त भट्ट | २०७८-१-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युव राज भट्ट | २०७७-४-१ | २०७९-२-२३ |
| लेखा प्रमुख | लोकराज भट्ट | २०७८-११-११ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४,२८७,६६५.७९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५२,११,५६२.२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,७७,८८,६१६ | **चालु खर्च** | २३,३०,६७,६६३.६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५६,७४,००० | **पूँजीगत खर्च** | ९,७५,९२,८१५ |
| **राजश्व बाँडफाँट** | ७,३८,१६,१८७.३२ | **वित्तीय/अन्य व्यवस्था** | ९,५२,८५,८५५.८२ |
| **आन्तरिक आय** | २१,६४,८७७.५ | | |
| **अन्य आय** | ७,५२,१२,४६७ | | |
| **कुल आय** | ४५,४६,५६,१४७.८२ | **कुल खर्च** | ४२,५९,४६,३३४.४२ |
| **बाँकी मौज्दात** | | ३,३९,२१,३७५.२८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृण गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्यले बडीकेदार गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्धेश्य हो । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो पालिका अन्तर्गत १६६५१ जनसंख्या र ५ वटा वडा रहेका छन्। भने ३२५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>संचित कोषको अवस्था<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले पेश गरेको वित्तीय विवरण अनुसार प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानिय सरकार सञ्चालनमा भएका आय व्यय हिसाव (सूत्रबाट प्राप्त वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ) बमोजिम आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।
<table>
<tr><th colspan="9">वित्तीय प्रतिवेदन</th></tr>
<tr><td colspan="9">आ.व. : २०७८/७९ अवधी: २०७८/०४/०१ - २०७९/०३/३२ म.ले.प.फा.नं. २७२</td></tr>
<tr><th colspan="9">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>३८,९४,५७,६११</td><td>३७,४८,३४,१३६.४४</td><td>७४,३८,०००</td><td>३८,२२,७२,१३६.४४</td><td>३६,५०,३९,९६९.६५</td><td>१,४५,००,०००</td><td>३७,९५,३९,९६९.६५</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>३८,७१,०६,०००</td><td>३७,२२,१४,४४७.४४</td><td>७४,३८,०००</td><td>३७,९६,५२,४४७.४४</td><td>३६,१५,५१,४२५.६५</td><td>१,४५,००,०००</td><td>३७,६०,५१,४२५.६५</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,८९,८७,०००</td><td>७,४८,४९,४४७.४४</td><td>०</td><td>७,४८,४९,४४७.४४</td><td>५,८६,९२,१५०.३७</td><td>०</td><td>५,८६,९२,१५०.३७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३००० अनुदान | | ३०,७०,८९,००० | २९,६३,३५,००० | ७४,३८,००० | ३०,३७,७३,००० | ३०,२८,५९,२७५.२८ | १,४५,००,००० | ३१,७३,५९,२७५.२८ | |
| | | | संघीय सरकार | १२ | २९,०९,३९,००० | २८,०४,३९,००० | ७४,३८,००० | २८,७८,७७,००० | २८,७८,२८,८४४ | १,४५,००,००० | ३०,२३,२८,८४४ | |
| | | | प्रदेश सरकार | १२ | १,६१,५०,००० | १,५८,९६,००० | ० | १,५८,९६,००० | १,५०,३०,४३१.२८ | ० | १,५०,३०,४३१.२८ | |
| | | | १४००० अन्य राजस्व | | १०,३०,००० | १०,३०,००० | ० | १०,३०,००० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | २३,५१,६११ | २६,१९,६८९ | | २६,१९,६८९ | ३४,८८,५४४ | | ३४,८८,५४४ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | २३,५१,६११ | २४,८५,७८९ | ० | २४,८५,७८९ | २८,६७,९४० | ० | २८,६७,९४० | |
| | | | धरौटी | | ० | १,३३,९०० | ० | १,३३,९०० | ६,२०,६०४ | ० | ६,२०,६०४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | **भुक्तानी (ग+घ)** | | **३९,२९,९७,६११** | **३२,५९,०३,२४७.८०** | **७४,३२,३४१** | **३३,३३,३५,५८८.८०** | **३४,९९,६०,८२२.४९** | **१,३९,७९,३९३** | **३६,३९,४०,२१५.४९** | |
| | | | **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | **३९,०६,४६,०००** | **३२,३२,२८,१३७.६०** | **७४,३२,३४१** | **३३,०६,६०,४७८.६०** | **३४,७४,०९,१२५.४९** | **१,३९,७९,३९३** | **३६,१३,८८,५१८.४९** | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १६,७७,७८,६०० | १५,२०,९७,७१८.९७ | ५,७४,०७६ | १५,२६,७१,७९४.९७ | १२,१६,३५,५७१ | ३२,०९,८९४ | १२,४८,४५,४६५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,११,२८,४०० | ६,९२,१३,४१८.६३ | १७,२०,६९८ | ७,०९,३४,११६.६३ | ५,४९,०२,५१६.९९ | ३१,१०,४२६ | ५,८०,१२,९४२.९९ |
| २५००० सहायता (Subsidy) | १८ | ३०,००,००० | २९,९७,८४२ | ० | २९,९७,८४२ | १,७८,२०,६२१ | ० | १,७८,२०,६२१ |
| २६००० अनुदान | १८ | ४२,००,००० | ४,९९,३१० | ० | ४,९९,३१० | ५४,१८,००३ | ३,९३,०७३ | ५८,११,०७६ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५१,२०,००० | ५०,२०,००० | ० | ५०,२०,००० | ४७,६४,५८२ | ० | ४७,६४,५८२ |
| २८००० अन्य खर्च | १८ | १२,६५,००० | ९,४४,६०० | ० | ९,४४,६०० | १४,४७,१८० | ० | १४,४७,१८० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १२,८१,५४,००० | ९,२४,५५,२४८ | ५१,३७,५६७ | ९,७५,९२,८१५ | १४,१४,२०,६५१.५० | ७२,६६,००० | १४,८६,८६,६५१.५० |
| **घ. अन्य भूक्तानी** | | **२३,५१,६११** | **२६,७५,११०.२०** | | **२६,७५,११०.२०** | **३४,९९,६०,८२२.४९** | **१,३९,७९,३९३** | **३६,३९,४०,२१५.४९** |
| कोषहरु | | २३,५१,६११ | २३,४२,३७१ | ० | २३,४२,३७१ | १९,३१,०९३ | ० | १९,३१,०९३ |
| धरौटी | | ० | ३,७०,४०० | ० | ३,७०,४०० | ६,२०,६०४ | ० | ६,२०,६०४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३७,६६०.८० | | -३७,६६०.८० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (३५,४०,००० ) | ४,८९,३०,८८८.६४ | ५,६५९ | ४,८९,३६,५४७.६४ | १,५०,७९,१४७.१६ | ५,२०,६०७ | १,५५,९९,७५४.१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३३,५९,४७५.१९ | | ३३,५९,४७५.१९ | १,१४,६७,०३४.५० | | १,१४,६७,०३४.५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३५,४०,००० ) | ५,२२,९०,३६३.८३ | ५,६५९ | ५,२२,९६,०२२.८३ | २,६५,४६,१८१.६६ | ५,२०,६०७ | २,७०,६६,७८८.६६ |
| बैंक तथा नगद बाकी | २४ | | ५,२२,९६,०२२.८३ | | ५,२२,९६,०२२.८३ | ३,०८,०३,९५४.६६ | | ३,०८,०३,९५४.६६ |

**पालिकाको सूत्रबाट तयार भएको संचितकोषको आय व्यय विवरणमा देहायका व्यहोराहरु देखिएका छन्:**

(क) **प्रणालीको शुरु मौज्दात** : सूत्रले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बरावर देखाएको हुनु पर्दछ । तर सूत्रले गत बर्षको मौज्दात रु. **२,६५,४६,१८१.६६**३.८९ देखाएकोमा यो वर्षको शुरु मौज्दात रु.**३३,५९,४७५.१९** देखाएकोले सूत्रले रु. २३१८६७०६.७० घटी जिम्मेवारी सारेको देखियो । पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः कारण उल्लेख गरी स्पष्ट गरी यसमा सुधार गर्नु पर्दछ ।

(ख) **अन्तिम बैंक बांकी मौज्दात** : पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा यो वर्षको बांकी बैंक मौज्दात रु. **३३९२१३७५.२८** रहेकोमा सूत्रले रु. **५,२२,९६,०२२.८३** बैंक मौज्दात देखाएकोले रु.**१८३७४६४७.५५** फरक देखिएकोले सूत्रको वित्तीय प्रतिवेदनले यथार्थ मौज्दात देखाएको देखिएन । पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः फरक पर्नुको कारण स्पष्ट उल्लेख गर्नु पर्दछ ।

(ग) **धरौटी** : यस वर्षको धरौटी प्रासीमा यस प्रतिवेदनले **रु. १३३९०० देखाएकोमा सूत्रको** म.ले.प.फा.नं. २०७ ले यस वर्षको धरौटी प्रासी तथा दाखिला रु.१०३२३८१ देखाएकोमा १३३९०० मात्र देखाएकोले रु. ८९८४८१ घटी आम्दानी देखाएकोमा पालिकाले कारण उल्लेख गरेको छैन । अत : फरक पर्नुको कारण उल्लेख गर्नु पर्दछ ।

(घ) **राजश्व** : सूत्र प्रणालीले राजश्व खातामा दाखिला गरेको रकम उल्लेख गरेको देखिएन।

(ङ) **आर्थिक विवरणको यथार्थता:** सूत्रले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको हुनु पर्दछ ।तर सूत्र प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालयको सिग्यास प्रणालीबाट हुने आम्दानी र खर्चका कारोवारहरुलाई सूत्रमा समावेश नगरेको कारणले सूत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अवस्थाको चित्रण गर्न सक्दैन ।अतः पालिकाबाट हुने सवै प्रकारका आर्थिक कारोवारहरुलाई सूत्रमा समावेश गरी यसमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>कानुन निर्माण एवं कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिकाले हालसम्म ३५ वटा कानुन निर्माण गरेको छ । यसप्रकार पालिकाले कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>ग्रेड बढी भुक्तानीः<br>अर्थ मन्त्रालयको २०७८।०४।२५ को निर्णयअनुसार २०७८।०४।०१ देखि लागु हुने प्रदेश तथा स्थानीय तह तलबमान अनुसार कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुको अधिकतम ग्रेड संख्या २ र थप समायोजन ग्रेड २ गरी ४ ग्रेड भुक्तानी हुनुपर्नेमा तपसिलमा उल्लेखित कर्मचारीहरुलाई बढी ग्रेड भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि।नं।</th><th>नाम।थर</th><th>पद</th><th>हुनुपर्ने ग्रेड संख्या</th><th>भएको ग्रेड संख्या</th><th>ग्रेड दर</th><th>महिना संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>निलकण्ठ जैसी</td><td>कार्यालय सहयोगी</td><td>४</td><td>९</td><td>७५६</td><td>७</td><td>५२९२</td></tr>
<tr><td>२</td><td>पदम सिंह कठायत</td><td>कार्यालय सहयोगी</td><td>४</td><td>९</td><td>७५६</td><td>७</td><td>५२९२</td></tr>
<tr><td>३</td><td>भगी मन्नी</td><td>कार्यालय सहयोगी</td><td>४</td><td>९</td><td>७५६</td><td>७</td><td>५२९२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१५८७६</td></tr>
</table></td><td>१५,८७६</td></tr>
<tr><td>५</td><td></td><td></td><td>विविध खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु ४ लाख ८१ हजार खर्च गरेको छ। पालिकाले बैठक तथा अन्य क्रियाकलाप सञ्चालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति ,</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रमको पुष्टयाई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्नेमा पालिकाले बिबिध बैठक तथा कार्यक्रम संचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्टयाई बेगर केबल बिल भरपाई मात्र संलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आर्थिक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष रु. १०,००,००० विनियोजन गरी रु. १०,००० देखि २५,००० सम्मका दरले आर्थिक सहायता वापत रु. १०००,००० वितरण गरेका छन् जुन आन्तरिक आयको ४६।१९ प्रतिशत हुन जान्छ। संघ तथा प्रदेशबाट प्राप्त अनुदान रकमबाट आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाईछात्रवृति रकम अनुदान दिने व्यस्था रहेको छ।ल्लेस्ता परीक्षणको क्रममा तपसिलमा उल्लेखित विद्यालयले छात्रवृति रकम वितरण गरेको भरपाई पेश हुन सकेन।यस सम्बन्धमा छात्रवृति वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु<br>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>सरस्वती मा।वि। डाडामेलखाली</td><td>४४००</td></tr>
<tr><td>२</td><td>शान्ति आ।वि। धारापानी</td><td>२४००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६८००</td></tr>
</table></td><td>६,८००</td></tr>
<tr><td>८</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः<br>कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पाठ्यपुस्तक सम्वन्धित विद्यार्थीले प्राप्त गरेको हुनु पर्दछ ।सोही अनुरुप पालिकाले पालिका स्थित ५८ वटा विद्यालयलाई पाठ्यपुस्तक</td><td>१०,७६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदान वापत रु.१८०८३७७।निकासा दिएको पाईयो।पाठ्यपुस्तक अनुदान निकासा प्राप्ति पछि निम्न विद्यालयका विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई पेश गरेका छैन्न।तसर्थ सम्बन्धित विद्यालयको विद्यार्थीले पाठ्य पुस्तक बुझेको भरपाई प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>सि।नं।</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>सरस्वती मा।वि। डाडामेलखाली</td><td>५८२१</td></tr>
<tr><td>२</td><td>शान्ति आ।वि। धारापानी</td><td>४९३९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१०७६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>शिक्षक दरबन्दी तथा पदपूर्तिः<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुमध्ये निम्न विद्यालयहरुमा विद्यार्थि संख्या भएतापनि शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था शुन्य देखिएको छ।
<table>
<tr><th>विद्यालयको नाम</th><th>जम्मा विद्यार्थि संख्या</th><th>शिक्षक दरबन्दि</th><th>स्थायी पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th></tr>
<tr><td>सुनपाल आ.वि.</td><td>४०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>बग्र आ.वि.</td><td>४५</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>शान्ति आ.वि.</td><td>२१</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>बुढाकोट आ.वि.</td><td>१२५</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>सरस्वति आ.वि.</td><td>१६</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>
· स्थानीय तह मातहतमा रहेका जम्मा ४२ विद्यालयमा कुल विद्यार्थि संख्या ५६६२ रहेका छन् । दरवन्दी नभएका विद्यालयहरुमा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पठन पाठनको व्यवस्था मिलाएको छ ।<br>
· ४२ विद्यालयमा १५९ शिक्षक दरबन्दी रहेकोमा ६९ पदमा स्थायी पदपूर्ति भएको, ९० जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सक्कल बिल पेश गर्नुपर्नेः<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ।नं। २७९ मिति २०७९।०३।२२ मा पालिकाले फर्मकिम सप्लायर्सबाट रु १५९३८६ को औषधि खरिद गरेकोमा फोटोकपी बिलको आधारमा भुक्तानी भएकोले सक्कल बिल प्रमाण पेश गर्नुपर्ने रु
<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१०.१</td><td>फर्मकिम सप्लायर्स</td><td>१,५९,३८६</td></tr></table></td><td>१५९,३८६</td></tr>
<tr><td>११</td><td></td><td></td><td>छनौट प्रमाण पेश गर्नुपर्नेः<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ (१) २ (क) २ (ख) २ (घ) अन्तर्गत बन्दाबन्दीको कारणबाट पेसा व्यवसाय वा श्रम गर्ने अवसर गुमाई आर्थिक रुपमा अति विपन्न एकाघरका परिवारका कुनै सदस्यले सरकारी निजि वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारीमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरेको नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा निवृत्तिभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा वा नेपाल सरकार वा स्थानिय तहको कार्यक्रम बमोजिम १ पटक राहत वा नगद प्राप्त गरेको घर परिवारले त्यस्तो नगद प्राप्त गर्न सक्ने छैन भन्ने व्यवस्था छ। भौ।नं।११४।२०७८।१२।२९ बाट यस स्थानिय तहले ३६२ घर परिवारलाई रु १०००० का दरले रु ३६२०००० खर्च लेखेकोमा कार्यविधि अनुसार छनौट भएको प्रमाण संलग्न गरेको नपाईएकोले छनौट प्रमाण पेश गर्नुपर्ने रु
<table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>११.१</td><td>कार्यालय</td><td>३६,२०,०००</td></tr></table></td><td>३,६२०,०००</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित नभएकोः<br>निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननीय मन्त्रिस्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोष तथा लेखा नियन्त्रका कार्यालयमा पेश गरेको भएतापनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा गाउँपालिकातर्फ रु.२ करोड २२ लाख ३१ हजार खर्च लेखेको छ। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ । | |
| १३ | | | **राजश्व दाखिला घटी गरेको**<br>**नगद दाखिला-** आर्थिक कारयविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार आफ्नो जिम्मामा आएको राजश्व सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नु पर्दछ । दश दिन भन्दा बढी ढिला गरेमा दाखिला गर्नुपर्ने रकमको दश प्रतिशतका दरले जरिवाना हुने व्यवस्था छ । गाउपालिकाको वडा न ४ का सचिव दिपक बहादुर धामीले वडा न ४ को आन्तरिक आय तथा राजश्व रु.२५१३९५।०० उठाएकोमा रु.२३००००।०० मात्र दाखिला गरी रु.२१३९५।०० बैंक दाखिला गरेको देखिएन । उक्त रकममा ऐनको व्यवस्थानुसार दश प्रतिशत जरिवाना समेत रु.२१७५२।०० निजबाट असुल हुनुपर्ने रु. | २१,७५२ |
| १४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>· स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४को नियम७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना मागगर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्तावितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ९बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>· सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>· वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको<br>· सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामति सेवा ऐन २०४९ बमोजिम कार्य विवरण लागु गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·निजामति सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन।<br>·तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १५ | | | **पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुनेव्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ ।उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु.५१,४७,५०० सुविधा वापत भुक्तानी भएको छ। | |
| १६ | | | **नियमसंगत नदेखिएकोः**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ। पालिकाले कानुनी सल्लाहकार, स्वकीय सचिव र प्रशासन सहायक गरी ३ जनालाई नियुक्त गरी वार्षिक रु १३,०९,०७० भुक्तानी गरेको छ। ऐन, नियम भन्दा फरक गरी लेखेको खर्च नियमसंगत नदेखिएको रु<br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>१६.१ \| सम्बन्धित पक्ष \| १३,०९,०७० | १,३०९,०७० |
| १७ | | | **खरिद तथा ठेक्काको अभिलेख** | |
| १७.१ | | | खरिद कारवाहीको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छैन । अतः पालिकाले यसमा सुधार गर्नु पर्दछ । | |
| १७.२ | | | **ठेक्काको लगतः** ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म. ले. प. फा. नं .५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म .ले .प .फा. नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्नेमा पालिकाले राखेको छैन । अतः नियमानुसार ठेक्काको अभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म १३ जना स्थायी कर्मचारीर ४ जना करारबाट पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १९ | | | **सेवा करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले विभिन्न पदमा ३१ जना कर्मचारीहरु करारमा राखी रु.१ करोड १० लाख २२ हजार ९ सय ६० खर्च लेखेको छ । | |
| २० | | | **बजेट तथा कार्यक्रम** | |
| २०.१ | | | **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुखले २०७८।३।१० गते रु. ३९ करोड ६ लाख ४६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । सो अनुसार क्षेत्रगत हिसावमा ५ वटा क्षेत्रमा मात्र वजेट विनियोजन गरी वातावरण तथा विपद व्यवस्थापन को क्षेत्र र वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा वजेट विनियोजन गरेको देखिएन । उक्त क्षेत्रमा पनि वजेट व्यवस्था गरी सन्तुलित विकास गर्नु पर्दछ । | |
| २०.३ | | | **मध्यकालीन खर्च संरचना** -अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २६७०००० | २२३२९२७६।८० | ८३.६३ |
| सामाजिक क्षेत्र | १७१६५५००० | १५२४०४१२५ | ८८.७९ |
| पूर्वाधार विकास क्षेत्र | ११७५०६००० | ८८७७१२६० | ७५.५५ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | २२४४७१०० | २००८२६६३ | ८९.४७ |
| वित्तीय व्यवस्थापन र सुशासन | ० | ० | ० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५२३३७९०० | ४७०७३१५३.३२ | ८९.९४ |
| **जम्मा** | ३९०६४६००० | **३३०६६०४७९** | ८४.६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.४ | | | **चौमासिक प्रगति विवरण-** कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले प्रथम चौमासिकमा ७ योजनाको रु.९ करोड ३९ लाख दोश्रो चौमासिकमा ७ योजनामा रु.७ करोड १८ लाख ४७ हजार तेश्रो चौमासिक तथा असार महिनामा १० योजनामा रु.१६करोड ६२ लाख ४३ हजार खर्च लेखेको देखिन्छ । तेश्रो चौमासिक तथा असार महिनाम मात्र ५०.१५ प्रतिशत खर्च लेखेबाट आ.व को अन्तमा बढी खर्च लेखेको देखिन्छ । चौमासिक हिसावले खर्च लेख्नु पर्दछ । | |
| २०.५ | | | **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ३३ | ३१४५००० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ६६ | १३६३०००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ५ | ४१००००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | १ | १२००००० |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
| | **जम्मा** | **११०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **वडा सचिव पदपूर्तिः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका ५ वडा कार्यालबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। यस पालिकामा वडासचिवको दरबन्दी रिक्त रहेको छैन।<br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>५</td><td>५</td><td>५</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>वित्तीय विवरण</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>गत बर्षको जिम्मेवारीः स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको बैंक मौज्दात रु. २८९२६१६.०१ कायम भएकोमा यो बर्ष रु. ५२११५६२.२० सारी रु. २३१८९४६.१९ बढी जिम्मेवारी सारेको देखियो । अतः उक्त बढी जिम्मेवारी सारेको सम्वन्धमा एकिन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>विविध कोष खाता : सूत्रले विविध कोष खातामा यस वर्ष रु. २३५१६११ देखाएकोमा पालिकाले एकिकृत आय व्यय विवरणमा सो आम्दानी तथा खर्च नदेखाएकोले सोको यथार्थता देखिएन । अतः आय व्ययको सवै कारोबार समेटी आर्थिक विवरणलाई यथार्थ बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>धरौटीको आर्थिक विवरण : स्थानीय तहको सूत्रको धरौटीको आर्थिक विवरण एवं म..ले.प.फा.नं. २७२ ले यस वर्षको धरौटी आम्दानी रु. १३३९०० देखाएको र म..ले.प.फा.नं. २०७ खाता प्रतिवेदनले गोश्वारा भौचरवाइज धरौटी कट्टा तथा दाखिला रु. १०३२३८१ देखाएकोमा रु. ८९८४८१ घटी आम्दानी गरेको सम्वन्धमा एकिन गरी प्रमाण पेश गर्नु पर्ने रु.<br><table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>२२.३.१</td><td>फरक रकम</td><td>८,९८,४८१</td></tr></table></td><td>८९८,४८१</td></tr>
<tr><td>२२.४</td><td></td><td></td><td>बैंक हिसाव मिलान बिवरण :<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारकोलेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएकोढाँचामा राखुपर्ने उल्लेख छ । साथै कार्यालयले बैंक खाता र श्रेस्ताको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नु पर्नेमा बैंक हिसाव मिलान बिवरण तयार गरेको छैन ।अतः पालिकाले बैंक हिसाव मिलान तयार गरी फरक रकम मिलान गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>कोष/खाता</th><th>श्रेस्ता अनुसार अन्तिम मौज्दात</th><th>वैक अनुसार अन्तिम मौज्दात</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग १.१ - आन्तरिक राजस्व खाता</td><td>२२,०५,०३९.६९</td><td>२१,४८,६३२.५०</td><td>५६,४०७.१९</td></tr>
<tr><td>२</td><td>ग १.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>१,१२,४२,२६३.६३</td><td>(१,१२,४२,२६३.६३)</td></tr>
<tr><td>३</td><td>ग १.३ - आन्तरिक अनुदान खाता</td><td>५,२२,९६,०२२.८३</td><td>२१,२८,२००</td><td>५,०१,६७,८२२.८३</td></tr>
<tr><td>४</td><td>ग २.१ - चालू खर्च खाता- विजोर वर्ष</td><td>२,९४,२४,३३६.४०</td><td>१,३८,६३,९२९.२३</td><td>१,५५,६०,४०७.१७</td></tr>
<tr><td>५</td><td>ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>३,०५,६१,१८५</td><td>१,२१,४५,४१४</td><td>१,८४,१५,७७१</td></tr>
<tr><td>६</td><td>ग २.७ - विविध खर्च खाता</td><td>१,२०,६४६.८०</td><td>०</td><td>१,२०,६४६.८०</td></tr>
<tr><td>७</td><td>ग ३.१ - स्थानीय तह धरौटी खाता</td><td>२,५०,२०४</td><td>२,८५,८५४</td><td>(३५,६५०)</td></tr>
<tr><td>८</td><td>ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता</td><td>२८,६८,०००</td><td>१२,४४,२८८.०६</td><td>१६,२३,७११.९४</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>११,७७,२५,४३४.७२</td><td>४,३०,५८,५८१.४२</td><td>७,४६,६६,८५३.३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.५</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थताः सूत्रले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको हुनु पर्दछ ।तर सूत्र प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालयको सिग्यास प्रणालीबाट हुने आम्दानी र खर्चका कारोवारहरुलाई सूत्रमा समावेश नगरेको कारणले सूत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ अवस्थाको चित्रण गर्न सक्दैन ।अतः पालिकाबाट हुने सबै प्रकारका आर्थिक कारोवारहरुलाई सूत्रमा समावेश गरी यसमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सेवा प्रवाहको स्थितिः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष घर नक्सा पास ४, विवाह दर्ता ३४०, सम्बन्ध विच्छेद २, जन्म दर्ता २२४१, मृत्यु दर्ता २२२</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र वसाईसराई **१२२४** दर्ता गरेकोमा पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| २४ | | | **आन्तरिक लेखापरीक्षण -** <br> स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । अतः पालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **जिन्सी व्यवस्थापनः** <br> सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनुसार पालिकामा एकीकृत जिन्सी अभिलेख राख्नुपर्ने व्यवस्था छ। वडाले दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने कार्यालय संचालनका मालसामान खरीद तथा अन्य प्रशासनिक खर्चहरु गरिसकेपछि बिल भर्पाईसहित पालिकामा पेश गरी भुक्तानि लगेको देखिन्छ। तर वडाले कार्यालय संचानलका लागि आवश्यक मालसामानहरु जस्तै फोटोकपी पेपर, टोनर, फर्निचर ल्यापटप लगायतका सामानहरु वडा आफैले खरिद गर्ने तथा सोको दाखिला समेत वडामा मात्र हुने र पालिकाको जिन्सी अभिलेखमा उक्त खरिद गरिएका सामानहरुको विवरण उल्लेख नगरेको देखिएको छ। साथै लेखापरीक्षको क्रममा वडाको जिन्सी किताब माग गरी परीक्षण गर्दा वडाले नखप्ने सामानहरु दाखिला गर्ने गरेको समेत देखिएन । जसबाट वडाबाट खरिद भएका भनी भुक्तानीका लागि पालिकामा पेश भएको विल तथा दाखिला विवरण यथार्थ हुन भन्न सकिने अवस्था समेत रहेन । तसर्थ यस सम्बन्धमा पालिकाले जिन्सी सामाग्रीहरुको खरिद दाखिला सामान बुझेको भर्पाई जस्ता विवरण अद्यावधिक गर्नुका साथै आवश्यक कार्बाही गरी वडाबाट खरिद भएका सामानहरुको यथार्थता यकिन हुनुपर्दछ ।अतः जिन्सी सामाग्रीहरुको खरिद व्यवस्थापनलाई व्यवस्थित बनाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| २६ | | | **ठेक्का नं. १।२०७७।७८ २ क्वाटर विल्डीङ भवन निर्माण कार्य** | |
| २६.१ | | | ठेक्का नं. १।२०७७।७८ २ क्वाटर विल्डीङ भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर समेत लागत अनुमान रु. ६३४२५९९।३८ भएकोमा कवोल अंक रु. ३३९५७९२।४२ मा निर्माण व्यवसायी आर्क कन्ट्रक्सन संग २०७९।३।१५ सम्म काम सम्पन्न गर्ने गरी २०७८।३।१५ मा सम्झौता निजलाई गत वर्ष रु. ६००००० । पेश्की दिएकोमा निम्न व्यहोराहरु देखिएका छन् : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चित नभई, मुआव्जा वा क्षतिपूर्ती वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानू बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ ।निर्माण व्यवसायीले २०७८।३।१५ मा ठाउं उपलव्ध गराइ पाउं भनि निवेदन दिएकोमा कार्यालयले ठाउं उपलव्ध गराएको देखिदैन ।कार्यालयले निर्माण व्यवसायीलाई २०७८।११।१८ सम्म पनि काम नगरेकोले संशोधित कार्यतालिका पेश गर्न पत्राचार गरेको र कार्य प्रगति नभएको भनि पुनः सोही आशयको पत्राचार गरेको देखिन्छ । लेखापरीण अवधिसम्म २०७९।५।३० उक्त भवन बनाउने जग्गा सम्याउने कार्य मात्र भएको देखिन्छ। उल्लेखित विवरण अनुसार निर्माण स्थलको व्यवस्था नभई कार्यालयले नियम विपरित ठेक्का आव्हान गरी संझौता गरेको देखिन्छ ।अतः नियम बिपरीत ठेक्का आव्हान गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २६.३ | | | **पेश्की र** पेश्की**को प्रयोजन:** सार्वजनिक खरिद ऐन २०६४ को ५२ क(२मा) पहिलो पटकमा १० प्रतिशत र बांकी पेश्की कार्य प्रगतिका आधारमा अग्रिम बैंक जमानत लिई दिनुपर्नेमा नियम विपरित एकैपटक २० प्रतिशत पेश्की दिएको देखिन्छ । र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रुपमा उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेश्की लिएको रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क (६) मा रहेको छ ।नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद संझौता बमोजिमको काम समयवधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्यौंट हुन नसकेमा पेश्की जमानतको रकम सम्वन्धित बैंकबाट प्राप्त गरी फछ्यौंट गर्नुपर्ने र १० प्रतिशत व्याज समेत असुल गर्नु पर्ने व्यवस्था छ । अतः काम शुरु नहुदै पूरै पेश्की दिने सम्वन्धितलाई जिम्मेवार बनाई उक्त पेश्की रकम १० प्रतिशत व्याज असुलसहित फस्यौंट गर्नु पर्ने देखिएको रु. | ६००,००० |
| २६.४ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३, सो को नियम १२८ तथा खरिद सम्झौतानुसार कामको प्रगति सन्तोषजनक नगरेमा खरिद सम्झौता अन्त्य गरी कार्य सम्पादन जमानी जफत गर्ने, काम पूरा गर्न लाग्ने रकम असुल गर्ने र कालो सूचिमा समेत राख्ने व्ययवस्था भएकोले सो अनुसार ठेक्का तोडी कार्य सम्पादन जमानी जफत गर्ने र कालो सूचिमा राख्ने कारवाही गर्नु पर्दछ । | |
| २७ | | | **ठेक्का नं. ३।२०७७।७८, १० वेड हस्पिटल भवन निर्माण कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.१ | | | ठेक्का नं. ३।२०७७।७८, १० वेड हस्पिटलभवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर बाहेक लागत अनुमान रु. ९०७७९१५०।७४ भएकोमा कवोल अंक रु. ६३६४२०३५।३० मा निर्माण व्यवसायी धुलिखेल, एल.बि. एण्ड ए.बि. जयश्री जेभीसंग २०७९।८।२९५ सम्म काम सम्पन्न गर्ने गरी २०७८।६।४ मा सम्झौता निजलाई रु. १२७२००००। पेश्की दिएकोमा निम्न व्यहोराहरु देखिएका छन् : | |
| २७.२ | | | **भवनको डिजाइन, नक्सा तथा ठेक्का आव्हान** : उक्त भवनको DPR कार्य गरी परामर्शदाता आर. एस. इन्जिनियरिङ प्रा.लि.ले भवनको डिटेल ड्रईङ डिजाइन सहितको नक्सा पेश गरेको र कार्यालयले नक्सा डिजाइन सहितको माष्टर प्लान स्वीकृतिको लागि २०७८।१।१२ मा स्वास्थ्य मन्त्रालयमा पठाएकोमा मन्त्रालयले पेश भएको डिजाइन नक्सामा इमरजेन्सी, अपरेसन थिएटर, प्रशासन आदि महत्वपूर्ण कार्यहरु नराखिएको र अस्पतालको स्वीकृत स्ट्याण्डर्ड तथा निर्देशिका बमोजम डिजाईन नक्सा परिवर्तन गर्नु पर्ने देखिएको भनि २०७८।१।१५ मा गाउंपालिकामा पत्र पठाएको देखिन्छ । तर कार्यालयले भवनको डिजाइन नक्सा परिवर्तन नगरी सोही बमोजिमको भवन निर्माण गर्न २०७८।१।१७ बोलपत्र आव्हान गरी निर्माण ठेक्का प्रक्रिया शुरु गरि २०७८।६।४ मा सम्झौता समेत भएको देखिन्छ। मन्त्रालयले २०७८।१०।२५ को पत्रबाट परामर्शदाताबाट पेश भएको परिमार्जित नक्सा स्वीकृत स्ट्याण्डर्डसंग मेल खाएकोले लागत अनुमान र स्पेशिफिकेसन तयार गरी टेण्डर प्रक्रिया अगाडि बढाउन कार्यालयलाई पत्राचार भएको र कार्यालयले निर्माण व्यवसायीलाई २०७८।१२।९ मा परिमार्जित नक्सा अनुसार कार्य अगाडि बढाउन आदेश दिएको र निर्माण व्यवसायीले सोही बमोजिम निर्माण कार्य अघि बढाई लेखापरीक्षण अवधिसम्म प्लिन्थ लेभलको काम पूरा भई पिलर राख्ने काम भईरहेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि सो सम्वन्धी स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने र दफा ५ (क) मा दफा ४ बमोजिमको विवरण र लागत अनुमान स्वीकृत गर्नु पर्ने व्यवस्था छ। ऐनको दफा ५(क)(२) मा लागत अनुमानमा विशेष कारण परी संशोधन गर्नुपरेमा सुरुको लागत अंकमा २५ प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटीपूर्ण डिजाइन वा लागत अनुमान तयार, जांच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता कानून बमोजिम कारबाहीको भागी हुने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायीलाई परिमार्जित डिजाइन नक्सा बमोजिम काम गर्न आदेश दिई सोही बमोजिम काम शुरु गरेको भए पनि परिमार्जित नक्सा बमोजिमको लागत अनुमान तयार गरेको नदेखिएकोले शुरु लागत अनुमान भन्दा के कति बढी छ भन्ने सम्वन्धमा एकिन गर्न सकिएन । साथै भवन निर्माण गर्नको लागि डिपिआर भएको स्थान भन्दा नयां स्थानमा उक्त भवन निर्माण भइरहेको छ। हाल भवन निर्माण भइरहेको स्थानको माटो परिक्षण गरेको देखिएन । सो वेगर भवन निर्माण गर्नु उपयुक्त देखिएन । अतः उल्लेखित विविध कारणहरुले गर्दा उक्त निर्माण कार्य नियम सम्मत देखिएन। तालुक निकायबाट भएको निर्देशन बमोजिम नक्सा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | डिजायन परिवर्तन गरी सोही बमोजिम कार्य गर्न पर्याप्त समय हुंदा हुंदै सो बेगर अस्वीकृत भएको डिजाइन नक्सा बमोजिमको भवन निर्माण बोलपत्र आव्हान गरी सम्झौता गरेको नियमसम्मत देखिएन । अतः कानून उल्लंघन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २७.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चित नभई, मुआव्जा वा क्षतिपूर्ती वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ ।निर्माण व्यवसायीले २०७८।८।५ र २०७८।९।२६ को पत्रबाट मा ठाउं उपलव्ध गराइ पाउं भनि निवेदन दिएकोमा कार्यालयले २०७८।९।२६ को पत्रबाट ठाउं उपलव्ध गराएको देखिन्छ।यसरी कार्यालयले निर्माण व्यवसायीलाई संझौता तथा कार्यदिश भएको ३ महिना ४ दिन ढिलो गरी मात्र ठाउं उपलव्ध गराएको उल्लेखित विवरण अनुसार निर्माण स्थलको व्यवस्था नभई कार्यालयले नियम विपरित ठेक्का आव्हान गरी संझौता गरेको देखिन्छ ।अतः नियम बिपरीत ठेक्का आव्हान गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २८ | | | **ठेक्का नं ३ वडा कार्यालय भवन निर्माण कार्य** | |
| २८.१ | ७६ | २०७९-३-२५ | वडा कार्यालय भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर बाहेक लागत अनुमान रु. ७०११९९४।०९ को कवोल अंक रु. ४९६४३१५।१९ मा निर्माण व्यवसायी जय मनकामना निर्माण सेवा प्रा.लि. संग २०७७।८।४ सम्म काम सम्पन्न गर्ने गरी २०७६।८।१५ मा सम्झौता भएको ४ पटक सम्म म्याद थप भई अन्तिम पटक २०७८।१२।३० सम्म म्याद थप भई २०७८।१०।१० मा कार्य सम्पन्न भई भएकोमा अन्तिम बिलसम्म रु. ९१९४९८६।५५ भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् : | |
| २८.२ | | | **खरिद संझौता कार्यान्वन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार पोष्ट बिड कन्फ्रेन्स गरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पेश गरेको, प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गरेको, कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको , कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको, सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन तयार गरेको देखिएन । अतः नियमको पालना गर्नुपर्दछ । | |
| २८.३ | | | **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले फाइनल विल भुक्तानी गर्दा BOQ को आइटम नं. ४ को छडको परिमाण ५४९.२६ केजी मा wastage | ३,४१३.२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वापत ५ प्रतिशतले हुन आउने २७.४६ केजी थप गरी जम्मा ५७६.७२ केजीको रु.१२४।३० ले रु. ७१६८६.३० भुक्तानी गरेकोमा भवन विभागको नर्म्स अनुसार उक्त wastage परिमाण दर विश्लेषण गर्दा नै समावेश भएकोले थप परिमाण भुक्तानी दिन नमिल्ने देखिएकोले वास्तविकता एकिन गरी थप परिमाणको प्रति के.जी. रु.१२४.३० को दरले २७.४६ के.जी. को जम्मा रु. ३४१३.२८ असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बिमा र गुणस्तर परीक्षण<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानी नोक्सानी समेन बेहोर्ने गरी बीमा गर्नुपर्ने र ११५(१) अनुसार सार्वजनिक निकायले सम्झौतामा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीहरु उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको बिमा र निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण गराएको देखिएन । अतः बिमा गराई जोखिमको न्यूनिकरण गरिनु पर्ने र गुणस्तर परीक्षण गराई सुनिश्चित हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>रिटेन्सन रकम<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले रनिङ बिल भुक्तानी गर्दा रिटेन्सन मनि बापत बिजकमा उल्लेखित रकमको ५ प्रतिशतले हुने रकम कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार भुक्तानी गरेकोमा उक्त रिटन्सन मनि कट्टा गरेको नदेखिएकोले उक्त रकम कट्टा गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>निर्माण व्यवसायीको नाम</th><th>कट्टा गर्नुपर्ने रकम</th><th>कट्टा गरेको रकम</th><th>घटी रकम</th></tr>
<tr><td>७६।७९।३।२५</td><td>सनलाईट कन्ट्रक्सन प्रा.लि.</td><td>२४९४५५।३९</td><td>२४९०००।</td><td>४५५।३९</td></tr>
<tr><td>११।०७९।३।२५</td><td>त्रिनेत्र ह्याण्डिक जेभी</td><td>८३२६१।८४</td><td>७३०००</td><td>१०२६१।८४</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१०२६१।८४</td></tr>
</table></td><td>१०,२६१.८४</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>ठेक्का नं २।०७७।७८ एक्साभेटर भाडा<br><br>ठेक्का नं २।०७७।७८ बाट निर्माण व्यवसायी भगरथी निर्माण सेवालाई २०७७।९।१ देखि २०७८।३।३१ सम्म मासिक भाडा रु. ४५१५००।–लिने गरी एक्साभेटर भाडामा दिएको र कार्यपालिकाको वैठक नं. ७३ मा निर्णय नं.१० अनुसार निजले उक्त एक्साभेटर २०७८।७।१२ मा वुझाएकोमा थप २ महिना ११ दिन ढिला गरी बुझाएको देखिन्छ ।उक्त अवधिमा समेत निजले एक्साभेटर प्रयोग</td><td>२,४१४,०५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेन भन्ने आधार देखिएन र पालिकाले सो अवधिमा गाउंपालिका अन्तरगतका सडकहरु कोटेशनबाट निर्माण तथा मर्मत गराएको छ ।आफ्नै एक्साभेटरबाट काम गर्न सकिनेमा निर्माण व्यवसायीले ढिला बुझाएकोले पालिकालाई थप व्ययभार पर्न गएकोले निजबाट ढिला बुझाएको अवधिको समेत दामासाहीले हुन आउने भाडा रु. १०६१५५०।-समेत निजले पालिकालाई बुझाउन बांकी देखिएकोले २०७८ बैशाख, जेठ र असार महिनाको भाडा रु.१३५४५००।–गरी जम्मा रु.२४१४०५०।–निजबाट असुल गरी संचित कोष दाखिला गर्नु पर्ने रु. | |
| ३२ | | | **ठेक्का नं. २ ।०७८।७९ गाउंपालिका प्रशासकिय भवन निर्माण कार्य** | |
| ३२.१ | २७६ | २०७९-३-२५ | ठेक्का नं. २ ।०७८।७९ गाउंपालिका प्रशासकिय भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर समेत लागत अनुमान रु. ४२८०९०५०।८७ को कवोल अंक रु. ३५७४७७२८।९७ मा निर्माण व्यवसायी सनलाईट कन्ट्रक्सन प्रा.लि. संग २०७९।९।३० सम्म काम सम्पन्न गर्ने गरी २०७८।३।२२ मा सम्झौता भएकोमा प्रथम रनिङ विलको काम कार्यको रु. ५८८५५६६।–भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् : | |
| ३२.२ | | | **खरिद संझौता कार्यान्वन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार पोष्ट बिड कन्फ्रेन्स गरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पेश गरेको, प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गरेको, कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको, कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको, सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन तयार गरेको देखिएन । अतः नियमको पालना गर्नुपर्दछ । | |
| ३२.३ | | | **बढी भुक्तानी**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल भुक्तानी गर्दा करारको शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ।निर्माण व्यवसायीले PS र मूल्य अभिबृद्धि कर बाहेकको कुल ठेक्का अंकमा ७ प्रतिशतले छुट दिने व्यवस्था भएकोमा प्रथम रनिङ बिल भुक्तानी गर्दा PS र मूल्य अभिबृद्धि कर बाहेकको बिल रकम रु. ४९७९१०७।८१ को ७ प्रतिशतले हुने रकम रु. ३४८५३७।५५ छुट कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कट्टा नगरेकोले मूल्य अभिबृद्धि कर समेत जम्मा रु. ३९३८४७।४३ बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु. | ३९३,८४७.४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.४ | | | **प्रगति न्यून :** ठेक्का संझौता बमोजिम उक्त निर्माण कार्य २०७९।९।३० सम्म सम्पन्न गरि सक्नु पर्नेमा वित्तिय प्रगति १६.४६ प्रतिशत र लेखापरीक्षण अवधिसम्म प्लिन्थ लेभलको काम मात्र पूरा भई न्यून भौतिक प्रगति भएको देखिएकोले संझौता बमोजिमको अवधिमा कार्य सम्पन्न हुने अवस्था देखिदैन । अतः कार्यालयले संझौता बमोजिमको अवधिसम्म कार्य सम्पन्न गराउन पहल गर्नुपर्ने देखिन्छ । | |
| ३३ | | | **३० मूल्य अभिवृद्धि कर**<br>आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ७० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ३० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.६१२५३४।७० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको गरेको देखिएकोले सोको कर समायोजन प्रमाण पेश गर्नु पर्ने रु. | ६१२,५३४.७ |

| गो.भौ. नं. | निर्माण व्यवसायीको नाम | मूल्य अभिबृद्धि कर रकम | ३० प्रतिशतले हुने कर रकम |
|---|---|---|---|
| ७६।७९।३।२५ | सनलाईट कन्ट्रक्सन प्रा.लि. | ६४७२८४०१ | १९४१८५.२ |
| २८२।०७८।३।२५ | जय मनकामना जनक निर्माण सेवा | ११०८५१।९१ | ३३२५५.५७ |
| १३।०७९।३।२५ | प्रश्रा कन्ट्रक्सन | १७७३२५।३५ | ५३१९७.६ |
| १४।०७९।३।२५ | प्रश्रा कन्ट्रक्सन | २३९००७।९९ | ७१७०२.४ |
| १०५।०७८।१२।२३ | मष्टा बिल्डर्स | २६११९२।८४ | ७८३५७.८५ |
| ११।०७९।३।२५ | त्रिनेत्र ह्याण्डिक जेभी | १८८४००।७९ | ५६५२०.२ |
| २।०७८।७।१२ | भगिरथी निर्माण सेवा | ५५०३८।४८ | १६५११.५४ |
| ३।०७८।७।१२ | विनोद निर्माण सेवा | ५३९५८।५१ | १६१८७.५५ |
| ४।०७८।७।१४ | आषिस एण्ड आयुष कं. प्रा.लि. | ५५०९०।२३ | १६५२७.०७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>५।०७८।७।१४</td><td>आर्क कन्ट्रक्सन</td><td>५५८५५।०५</td><td>१७४५६.५७</td></tr>
<tr><td>६।०७८।७।१४</td><td>मंगलेश्वर निर्माण सेवा</td><td>५५०५१।५३</td><td>१६४५६.५१</td></tr>
<tr><td>१५७।०७९।१।९</td><td>इन्टरटेक प्रा.लि.</td><td>१४०५८८।७९</td><td>४२१७६.६४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६१२५३४.७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>ठेक्का नं. १।२०७६।७७ वडा नं. १ को कार्यालय भवन निर्माण कार्य</td><td></td></tr>
<tr><td>३४.१</td><td>२७६</td><td>२०७९-३-२५</td><td>ठेक्का नं. १।२०७६।७७ वडा नं. १ को कार्यालय भवन निर्माण कार्यको मूल्य अभिबृद्धि कर समेत कवोल अंक रु. ५२८२९५०।२० मा निर्माण व्यवसायी मष्टा बिल्डर्ससंग २०७७।७।२१ सम्म काम सम्पन्न गर्ने गरी २०७६।७।२२ मा सम्झौता र २०७६।९।११ मा कार्यदिश भएकोमा पाचौ पटक २०७९।२।३० सम्म म्याद थप भई दोश्रो रनिङ बिल सम्म ३९६५५२३।२० को कार्य भएकोमा रु. ३५६५५२३।२० भुक्तानी भएकोमा निम्न व्यहोराहरु देखिएका छन् :</td><td></td></tr>
<tr><td>३४.२</td><td></td><td></td><td>म्याद थप र पूर्व निर्धारित क्षेतिपूर्ति: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० खरिद संझौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा 21 दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने र सोमा अधिकार प्राप्त अधिकारीले जांचवुझ गर्दा निर्माण व्यवसायीले संझौता बमोजिमको काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको वा कावु बाहिरको परिस्थितिले काममा ढिलाई हुन गएको वा अन्य कारणबाट ढिला हुन गएको भन्ने लागेमा उक्त सम्झौताको ५० प्रतिशत सम्म म्याद थप गर्न सक्ने व्यवस्था भएकोमा र सो नियमावलीको दशौं संशोधन (२०७७।१।१५) को नियम (६)(क) मा २०७७।१।१५ गते अघि सम्झौता भई कार्य सम्पन्न हुन नसकी म्याद थपको लागि निवेदन परेका सम्झौताको हकमा बढीमा १ वर्ष म्याद थप गर्न सक्ने र यसरी थप गरीएको म्याद भित्र समेत काम सम्पन्न नगर्नेको हकमा निजको कार्य सम्पादन जमानत जफत गर्ने वा समयमा काम सम्पन्न नभएको कारणवाट हुन गएको हानी नोक्सानी समेत असुलउपर गरी निजलाई कालो सूचीमा राख्न प्रचलित कानून बमोजिम कारवाही गर्ने व्यवस्था छ । त्यस्तै नियम (६) (ग) को प्रतिवन्धात्मक बाक्यांसमा थपिएको म्यादभित्र समेत कार्य सम्पन्न नभएमा म्याद थप हुनु भन्दा पहिले देखि नै लागू हुने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिइने व्यवस्था छ ।उक्त निर्माण व्यवसायीले काम नै शुरु नगरेको कारणबाट कार्यालयले पटक पटक चेतावनी दिएको देखिन्छ।नियमानुसार निजको म्याद थप २०७८।१।१४ सम्म मात्र गर्न मिल्ने देखिन्छ । तर कार्यालयले पाचौ पटक समेत २०७९ जेठ मसान्त सम्म म्याद थप</td><td>५२८,४९५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी नियम विपरीत सुविधा दिएको देखिएको र लेखापरीक्षण अवधिसम्म समेत उक्त कार्य सम्पन्न नभएको र म्याद समेत थप नभएकोले निजलाई तोकिए बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ । नियम १२१ मा तोकिएको समयभित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग सम्झौता रकमको बढीमा दश प्रतिशतले हुने रकम रु.५२८४९५।– हर्जाना असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>विद्यालयको कार्य सम्पन्न</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक मुल्याँकन गरी नियम 125(१) वमोजिम प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयहरुलाई २ कोठे, 4 कोठे भवन, पुस्तकालय तथा विज्ञापन प्रयोगशाला, रेक्ट्रोफिटिङ्ग निर्माण कार्य गर्न शिक्षा तथा मानव श्रोत केन्द्रबाट उपलब्ध गराएको ड्रइङ्ग डिजाईन र नर्मस् लागतका आधारमा रु. ५४०००००।०० अनुदान उपलब्ध गराएको छ । सम्बन्धित विद्यालयहरुले कार्य सम्पन्न गरी प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>अनुदान रु.</th></tr>
<tr><td>1.</td><td>श्री विष्णु माध्यामिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६००००००.00</td></tr>
<tr><td>2.</td><td>श्री केदारेश्वर माध्यामिक विद्यालय</td><td>२ कोठे नयाँ भवन निर्माण</td><td>१८००००००.00</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५४०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>कर्मचारीलाई प्राविधिक भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेव्यवस्था छ । गाँउपालिकाले कानून नबनाई २०७८।३।१० को नवौ गाँउसभा बैठकको निर्णयको आधारमा प्राविधिक ७ जनालाई मासिक १२००० तथा विभिन्न दरले रु ११५२०००।०० प्राविधिक भत्तामा खर्च लेखेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>१,१५२,०००</td></tr>
<tr><td>३५.३</td><td></td><td></td><td>मोविलाइजेशन पेश्की- गाँउपालिकाले १० बेडको अस्पताल भवन निर्माण गर्न ठेक्का न BKM/NCB/W-3/B/2077-78को कवोल अंक २६१९३६८।०० मा २०७९।८।२९ सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।६।१० मा M/S Dhilkhel-L.B. and A.B.-Jayshree Balaji JV सग सम्झौता गरी दुइ पटक गरी रु.१२७२००००।०० मोविलाइजेशन पेश्की दिइएको छ । संझौताको शर्त अनुसार पेश्की फस्यौंट हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>बढी भुक्तानीः</td><td>४४,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ।नं।४४५ मिति २०७९।०३।२४ मा वडा सचिव ज्ञानु थारुले वडा कार्यालयको विविध खर्च वापत रु.२५९,९०१ खर्च भएकोमा सो रकम भुक्तानी पाउँ भनी निवेदन पेश गरेकोमा कार्यालयबाट रु.३,०४,२०१ भुक्तानी भएको देखिन्छ। तसर्थ जम्मा बिल भर्पाई भन्दा बढी भुक्तानी भएको रकम निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ३७ | | | **सट्टा शिक्षकः**<br>संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।२०७८ अनुसार खर्च गर्नुपर्नेमा कार्यालयले कार्यपालिकाको मिति २०७५ चैत्र १४ गतेको निर्णय अनुसार श्री दुर्गा प्रा।वि देवली का शिक्षक नवराज जोशिलाई आर्थिक वर्ष भरी गाउँपालिका कार्यालयमा कार्य गराई धन बहादुर कलेललाई सट्टा शिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ।यसरी दरबन्दीको शिक्षकलाई काजमा राखी निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रु ४,०७,९३० तलब भत्ता भुक्तानी गरेको छ। सट्टा शिक्षक राखी तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रु | ४०७,९३० |
| ३८ | | | **प्रमाण पेश गर्नुपर्नेः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।भौ।नं। ४६८ मिति २०७९।०३।२५ बाट बजेट खर्च रु ४९८,००० भनी खर्च लेखेको छ । श्रेस्ता परीक्षणको क्रममा रु १४८,००० को मात्रै खर्चको बिल भर्पाई देखिन्छ। भौचरबाट चक्र बहादुर गलेल लाई एकमुष्ट रु ३९८,००० भुक्तानी भएकोमा निजबाट रु ४,८००० को मात्रै कागजपत्र पेश भएको देखिएकोले बाँकी कागजपत्र प्रमाणको रुपमा पेश गर्नुपर्ने रु | ३५०,००० |
| ३९ | | | **फरक शिर्षकबाट खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र अर्थ मन्त्रालयको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार चालु शिर्षकबाट खर्च लेख्नुपर्नेमा फरक शिर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु. | २९८,८९४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ।नं। मिति</td><td>खर्च लेख्नुपर्ने शिर्षक</td><td>खर्च लेखेको शिर्षक</td><td>रकम</td></tr>
<tr><td>४६३।२०७९।०३।२५</td><td>विद्यालय अनुगमन</td><td>मसलन्द खर्च</td><td>९९०००</td></tr>
<tr><td>४६५।२०७९।३।२५</td><td>पदाधिकारी भत्ता सुविधा</td><td>विविध खर्च</td><td>६६५६०</td></tr>
<tr><td>४३३।२०७९।३।२४</td><td>सभा संचालन खर्च</td><td>अनुगमन खर्च</td><td>७००००</td></tr>
<tr><td>४२४।२०७९।०३।२३</td><td>न्यायिक समिति कार्यक्रम</td><td>टिन जस्ता खरिद</td><td>३१३३४</td></tr>
<tr><td>४१७।२०७९।०३।२२</td><td>न्यायिक समिति कार्यक्रम</td><td>टिन खरिद</td><td>३२०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९८८९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
असुल गर्नुपर्नेः<br>
भ्रमण भत्ता नियमावली, २०६४ को नियम ७ को उपनियम ११ अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। निम्न कर्मचारीहरुले एउनै अवधिमा स्थानीय एवं भ्रमण भत्ता लिएकोले नपाउने स्थानीय भत्ता सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु
<table>
<tr><td>सि।न।</td><td>नाम थर</td><td>पद</td><td>स्थानीय भत्ता प्रति दिन</td><td>अवधि</td><td>असुल रकम</td></tr>
<tr><td>१</td><td>लोकराज भट्ट</td><td>लेखा अधिकृत</td><td>१३१</td><td>१२</td><td>१५७२</td></tr>
<tr><td>२</td><td>युवराज भट्ट</td><td>लेखापाल</td><td>१०७</td><td>७७</td><td>८२३९</td></tr>
<tr><td>३</td><td>छविराज भट्ट</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>३७</td><td>३९५९</td></tr>
<tr><td>४</td><td>टोप बहादुर चन्द</td><td>अधिकृत छैठौ</td><td>१३१</td><td>४७</td><td>६१५७</td></tr>
<tr><td>५</td><td>तिलम सिं साउद</td><td>सहायक चौथो</td><td>९२</td><td>१०</td><td>९१०</td></tr>
<tr><td>६</td><td>चित्रराज जोशि</td><td>अधिकृत छैठौ</td><td>१३१</td><td>१३</td><td>१७०३</td></tr>
</table>
</td><td>३३,८५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>विवेक देउवा</td><td>अधिकृत छैठौ</td><td>१३१</td><td>१२</td><td>१५७२</td></tr>
<tr><td>८</td><td>चक्र ऐर</td><td>प्रा।स पाँचौ</td><td>१०७</td><td>१३</td><td>१२८४</td></tr>
<tr><td>९</td><td>मिना जोशि</td><td>सहायक चौथौ</td><td>९२</td><td>२३</td><td>२११६</td></tr>
<tr><td>१०</td><td>लक्ष्मी चौधरी</td><td>सहायक चौथो</td><td>९२</td><td>१२</td><td>११०४</td></tr>
<tr><td>११</td><td>दिपक राज जैशी</td><td>सहायक पाँचौ</td><td>१०७</td><td>४९</td><td>५२४३</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३३,८५९</td></tr>
</table>
(मिति २०७९-१२-१९ मा सम्बन्धित कर्मचारीहरु को 5371.00 असुल दाखिला भइ आएकोले सम्परीक्षण गरिएको)
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्नेः<br>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ बमोजिम भ्रमण आदेश बिना भ्रमण गर्न नहुने उल्लेख छ। भौ।नं।६६ मिति २०७८।०७।१४ बाट भ्रमण आदेश बिना गाउँपालिका उपाध्यक्ष लाई विभिन्न बिलको रकम भ्रमण खर्च भनी रु ६१,४५४ भुक्तानी भएको देखिन्छ। नियमानुसार स्वीकृत भ्रमण आदेश प्रमाणको रुपमा पेश गर्नुपर्ने रु</td><td>६१,४५४</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>कार्यक्रम खर्च : स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ४ वडाहरुका ४ योजनामा सडक मर्मत, पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७८ जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु. ४५००६००।- खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन् :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.२ | | | **पारिश्रमिक खर्च:** प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा २७ मा श्रमिकको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानिय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८० प्रतिशतले हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने र दफा ६८ मा यो कार्यक्रम बापत पारिश्रमिकमा आधारित रोजगार आयोजनाका लागि मन्त्रालयबाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले लागत अनुमान तयार गर्दा आयोजनामा लाग्ने कामदार, सामग्री सहितको लागत अनुमान तयार गरेकोमा लागत अनुमानमा कामको परिमाण अनुसार लाग्ने जम्मा कामदार दिन संख्या (Man Days) गणना गर्नुपर्ने र जम्मा कामदार दिन संख्याको ज्याला दरले हुने पारिश्रमिकको लागत अनुमान गर्नुपर्नेमा आयोजनामा लाग्ने कामदार, सामग्री सहितको लागत अनुमान तयार गरी प्राविधिक मूल्यांकन अनुसारको पुरै रकम खर्च लेखेको छ । सो सामग्रीसमेतको कुल मूल्यांकन रकम भएको र सोलाई ज्यालाको दरले भाग गरी आउने कामदार दिन संख्या बरावरको कामदारहरुको डोर हाजिर फाराम पेश गरी भुक्तानी गरेको देखियो । जसले गर्दा प्राविधिक मूल्यांकनबाट भएको कामको परिमाण अनुसार गणना हुन आउने कामदार संख्या भन्दा बढी संख्यामा कामदार संख्यालाई ज्याला रकम भुक्तानी गरी निम्नानुसार पारिश्रमिकमा रु. १२१८०४७।- बढी खर्च भई थप व्ययभार परेकोले नियम सम्मत नदेखिएको रु. | १,२१८,०४७ |

| वडा नं. | योजनाको नाम | काम पाउने कामदार संख्या | जम्मा कामदार संख्या | भुक्तानी भएको रकम | कामको प्राविधिक मुल्यांकन रकम | कामको मुल्यांकन/ नापि अनुसार हुने कामदार संख्या | प्राविधिक मूल्यांकन अनुसार भुक्तानी हुनुपर्नर्ने रकम | वढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कामदार संख्या | भुक्तानी रकम |
| १ | वडा कार्यालय देखी डाङ पैदल मार्ग निर्माण | २२ | २२०० | १२६९४०० | १२६९४०० | १६५३ | 953781 | ५४७ | 315619 |
| २ | गर्वुजा सडेखान कृषि सडक मर्मत | २२ | २२०० | १२६९४०० | १२५६७०६ | २१४० | 1234780 | ६० | 34620 |
| ४ | खड्चौली मान्नाकापडी सडक मर्मत | २२ | २२०० | १२६९४०० | १२५६७०६ | ८८३ | 509491 | १३१७ | 759909 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>अत्तरकाडा रन्तोला धरमखर्क पैदल मार्ग निर्माण</td><td>१२</td><td>१२००</td><td>६९२४००</td><td>६९२४००</td><td>१०१३</td><td>584501</td><td>१८७</td><td>107899</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७८</td><td>७८००</td><td>४५००६००</td><td>४४७५२१२</td><td>५६८९</td><td>३२८२५५३</td><td>२११९</td><td>१२१८०४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td>६८</td><td>२०७८-७-१४</td><td>असुल गर्नुपर्ने<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ मा ठेक्काको मूल्यांकन समितिको व्यवस्था छ । उक्त समितिमा खरिद अधिकारीको संयोजकत्वमा तोकिएका कर्मचारीहरु रहने र उक्त समितिले बोलपत्रको मूल्यांकन गर्ने व्यवस्था छ । पालिकाले १० शैया अस्पताल भनव निर्माण कार्यको ठेक्का नं. ३।०७७।७८ को मूल्यांकन ५ जना कर्मचारीहरुको मूल्यांकन समितिको २०७५।५।१३ को बैठकले गरेकोमा एप्रोच कन्सल्टेन्सीलाई सोही ठेक्काको मूल्यांकन गरेको भनी सार्वजनिक खरिद अनुगमन कार्यालयको ईविड प्रणालीको डिजिटल डाटा प्रिन्ट गरेको कागजातको आधारमा रु. ९६०५० खर्च लेखेको पाइयो । ईविडको ठेक्काको मूल्यांकन सार्वजनिक खरिद अनुगमन कार्यालयको ईविड प्रणालीबाट स्वतः प्राप्त हुने र कानून बमोजिम गठित समितिले गर्ने हुनाले ठेक्काको मूल्यांकन बापत परामर्श खर्च लेख्न वा भुक्तानी दिन नमिल्ने देखिएकोले उक्त रकम असुल गर्नु पर्ने रु.</td><td>९६,०५०</td></tr>
<tr><td>४४</td><td>४३</td><td>२०७८-१२-१४</td><td>शसर्त कृषि तर्फ<br>कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम<br>कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सन्चालन गर्न अदुवा मूल्य श्रृंखला अभिवृद्धि योजनाको अन्तरगत अदुवा खेती विस्तार, प्रशोधन केन्द्र निर्माण, कृषक तालिम लगायतको कार्य गर्न लागत साझेदारीमा कार्यक्रम संचालन गरी कुल लागत रु. ४४३१८९०।४७ मध्ये गाउंपालिकाले रु. २५६१५४०।४७ व्यहोर्ने गरी संगालो सहकारी संस्थासंग संझौता भएकोमा उक्त संस्थालाई रु. २१४३७२७।– भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु निम्न व्यहोराहरु देखिएका छन्:<br>१) उक्त कार्यक्रम अन्तरगत ३७०० केजी अदुवाको विउ खरिद गरी २६ जना कृषकहरुलाई प्रति कृषक ११५ केजि देखी १४५ केजी सम्म वितरण गरेकोमा कृषकको परिचय खुल्ने प्रमाण, जग्गा धनि पूर्जाको प्रमाण, सहकारी संस्थाको दर्ता प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन कार्य सम्पन्न लगायत विवरण पेश गरेको देखिएन ।</td><td>२०,२७६.५४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २) **अनुगमन मूल्यांकन प्रतिवेदन** : कार्यालयले कार्यक्रमको अनुगमन मूल्यांकन गरी प्रतिवेदन गर्नुपर्नेमा गरेको देखिएन ।अतः अनुगमन मूल्यांकन गरि पृष्ठपोषण सहितको प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>३) **कर कट्टा नगरेको** : आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक भाडा, रोयल्टी , सेवा सुल्क, कमिशन, विक्री वोनस, अवकास भुक्तानी व र अन्य कुनै प्रतिफल तथा अवकास भुक्तानीको रकम भुक्तानी गर्दा कर कट्टी गर्नु पर्नेमा कर कट्टी गरेको नदेखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. कार्यालयले विभिन्न विलको अग्रिम कर रु.१८५०१।५४ र ढुवानी कर रु. १७७५।– गरी जम्मा रु.२०२७६।५४ असुल गर्नुपर्ने | |
| ४५ | | | बेरुजु र सम्परीक्षण<br>**क) सम्परीक्षण :** सुदूरपश्चिम प्रदेशको आार्थिक कार्यविधि ऐन, २०७४ को नियम ३८ बमोजिम अन्तिम लेखापरीक्षणबाट औंल्याईएको बेरुजु असुल, नियमित तथा सम्परीक्षण गरी फस्योंट गर्नु पर्ने जिम्मेवारी सम्वन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । पालिकाले बेरुजु सम्परीक्षणको लागि अनुरोध गरेको छैन । अत : पालिकाले बेरुजुहरु नियमानुसार फस्योंट गर्नु पर्दछ । | |